# लघु-अनुसन्धान कार्य सञ्चालनको करारनामा पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाध्यक्षको कार्यालय, अनुसन्धान निर्देशनालयबाट प्रदान गरिएको लघु-अनुसन्धान (Small Research) कार्य सञ्चालनको सम्बन्धमा म/हामी देहायका अनुसन्धानकर्ता/हरूले देहायका शर्तहरू मन्जुर गरी यो करारनामा गरिदिएको छु/छौं ।

१. लघु-अनुसन्धान कार्य मिति २०८३/०३/०५ गते देखि सुरु गर्नेछु/छौँ।

२. यस लघु-अनुसन्धानको कार्य निर्धारित समय २०८४/०३/०४ भित्र पूरा गर्ने छु/छौँ।

३. यस लघु-अनुसन्धान कार्य सम्पादनको प्रगति विवरण प्रत्येक तीन महिनामा नियमित रूपमा यस अनुसन्धान निर्देशनालयमा बुझाउने छु/छौँ।

४. यस लघु-अनुसन्धान कार्य सम्पादनबाट उपलब्ध तथ्य, निष्कर्ष एवं जानकारी विश्वविद्यालयको सम्पत्ति हुने छ र त्रिवि अनुसन्धान निर्देशनालयको स्वीकृति विना अन्यत्र प्रकाशन वा प्रयोगमा ल्याउने छैन/छैनौँ।

५. यस लघु-अनुसन्धान कार्यको विषय क्षेत्र वा यससँग सम्बन्धित गोष्ठी वा लेखापढी आदिको आवश्यकता त्रिविलाई भएमा म/हामी अनुसन्धानकर्ता/हरूबाट सहयोग दिन तयार हुने छु/छौँ।

६. म/हामी अनुसन्धानकर्ता/हरूले लघु-अनुसन्धान कार्य सम्पादन मापदण्ड २०६७ लाई पूर्णतः पालना गर्नेछु/छौं। मापदण्डले तोके बमोजिम म/हामीले त्रिविअन्तर्गतका विभिन्न सङ्काय र विश्वविद्यालय अनुदान आयोगबाट आ.व. २०८२/२०८३ मा सञ्चालित भएका कुनै पनि अनुसन्धानमा संलग्न छैन/छैनौँ। यदि कथम कदाचित म/हामीबाट दिएको जानकारी झुठो सावित भएमा यसै करारनामा पत्रमार्फत मेरो/हाम्रो अनुसन्धान कार्य बदर गरी त्रिवि नियमानुसार रकम असुल उपर गर्न मेरो/ हाम्रो मन्जुरी छ।

७. म/हामी अनुसन्धानकर्ता/हरूले कुनै प्रकारको बिदा उपभोग गरी गरिरहेका रहेको छैन/छैनौँ। अन्य कुनै स्वदेशी वा विदेशी विश्वविद्यालयमा काजमा गएर काम गरिरहेको छैन/छैनौँ। यदि यहाँ दिएको विवरण झुठो सावित भएमा मेरो/ हाम्रो अनुसन्धान कार्य बदर गरी अनुदान रकम असुल उपर गर्न मेरो/हाम्रो मन्जुरी छ/छौँ।

८. अध्ययन प्रतिवेदन निर्देशनालयले उपलब्ध गराएको ढाँचा अनुसार बुझाउने छु/छौँ। अनुसन्धान प्रतिवेदनका साथ शोधसार (Abstract ) अनिवार्य रूपने बुझाउने छु/छौँ। Loose Binding गरेर लघु-अनुसन्धानको पहिलो प्रतिवेदन ७ महिनाभित्र अनिवार्य रूपमा बुझाउने छु/छौँ र अध्ययनको अन्तिम प्रतिवेदन अन्तरवार्ता भएको मितिले ७ दिन भित्र बुझाउने छु/छौँ।

९. विज्ञहरूले दिएका सुझावहरू, पृष्ठपोषणहरू समावेश गरेर Loose Binding मा दोस्रो प्रति अनुसन्धान प्रतिवेदन बुझाउने छु/छौँ। अन्त्यमा Hard Binding सहित अन्तिम प्रतिवेदनका दुई प्रति र त्यसमा E-copy बुझाउने छु/छौँ।

१०. अनुसन्धान प्रतिवेदनको Plagiarism Test १९ प्रतिशत भन्दा माथि नहुने गरी त्रिविअन्तर्गत तोकिएका संस्थाबाट (केन्द्रीय पुस्तकालय) अनिवार्य गराउने छु/छौँ।

११. म/हामी अनुसन्धानकर्ता/हरूले अनुसन्धान कार्य बीचैमा छोडेमा वा तोकिएको समयभित्र अनुसन्धान प्रतिवेदन बुझाउन नसकेमा म /हामीले प्राप्त गरेको सबै रकमहरू बीस प्रतिशत (२०%) व्याज सहित विश्वविद्यालयलाई फिर्ता बुझाउने छु/छौँ।

१२. लघु अनुसन्धानकर्ताले बुझाएको अन्तिम प्रतिवेदनको E-copy Tribhuvan University को Website मा Online upload गरिने भएकाले कुनै प्रकारको duplication पाइएमा वा अनुसन्धान झुठो साबित भएमा मेरो/हाम्रो अनुसन्धान कार्य बदर गरी सबै रकम असुल उपर गर्न मेरो/ हाम्रो मन्जुरी छ।

१३. लघु अनुसन्धानकर्ताले अध्ययनको अन्तिम प्रतिवेदन २ प्रति Hard Copy and E-copy दुवै बुझाएको एक महिना भित्र लघु-अनुसन्धान सम्पन्न भएको प्रमाणपत्र लिनुपर्ने छ।

१४. अनुसन्धान कार्य सुरू गर्नु पूर्व अनिवार्य रूपमा त्रिवि अनुसन्धान आचरण बोर्डबाट प्रस्तावको अनुसन्धान आचरण समीक्षा गराई स्वीकृती लिएर मात्र अनुसन्धान कार्य सुरू गर्नेछु/छौँ।

....................................
अनुसन्धानकर्ता/ हरूको नाम
पदः
क्याम्पस/कार्यालय/विभागः
ईमेलः
फोन नं.
मितिः

..........................
प्रा.डा. ईश्वर कोइराला
निर्देशक
त्रिवि अनुसन्धान निर्देशनालय
मितिः

त्रिभुवन विश्वविद्यालय शिक्षाध्यक्षको कार्यालाय, अनुसन्धान निर्देशनालयबाट तपाईंलाई देहाय अनुसार लघु-अनुसन्धान कार्य सञ्चालन गर्न निम्नानुसारको पारिश्रमिक उपलब्ध गराइएको छ।

अनुसन्धानको शीर्षकः

अनुसन्धानकर्ताः

अनुसन्धान कार्य संचालन अवधि १ वर्ष (२०८३/०३/०५ देखि२०८४/०३/०४ गतेसम्म)।

अनुसन्धान कार्यको कूल रकम रू.२,००,०००/- (अक्षेरूपी दुई लाख मात्र)।

अनुसन्धान खर्चको पारिश्रमिक देहाय अनुसार तीन किस्तावन्दीमा दिइने छ।

(क) पहिलो किस्ता (४० प्रतिशत) रू. ८०,०००/-

(ख) दोस्रो किस्ता (३० प्रतिशत) रू. ६०,०००/-

(ग) तेस्रो किस्ता (३० प्रतिशत) रू. ६०,०००/-

(क) पहिलो किस्ताको रकम करारनामा भए पश्चात कार्य प्रारम्भका लागि प्रदान गरिने छ।

(ख) दोस्रो किस्ताको रकम Loose Binding गरेर अनुसन्धान प्रतिवेदन पेश गरेपछि प्रदान गरिने छ।

(ग) तेस्रो किस्ताको रकम अनुसन्धान प्रतिवेदनको मूल्याङ्कन एवं सम्बन्धित विज्ञ समक्ष मौखिक प्रस्तुतीकरणमा सफल हुनुका साथै एउटा अनुसन्धानात्मक लेख प्रकाशित गरे पश्चात वा प्रकाशनको लागि सम्बन्धित जर्नलको लेख प्रकाशनका लागि स्वीकृत लिइएको पत्र बुझाए पछि प्रदान गरिनेछ।

तोकिएको समय अवधि भित्र अनुसन्धान कार्य सम्पादन गरी प्रतिवेदन पेश गर्न नसकेको अवस्थामा अनुसन्धान कर्ताले लिएको रकममा लिइएको मिति देखिनै २० प्रतिशतका दरले व्याज र लिएको रकम नियमानुसार फिर्ता गर्नु पर्ने छ।

.........................

प्रा डा ईश्वर कोइराला

निर्देशक